# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३भक्तपुर, पौष ३गते, २०७६ साल संख्या८


भाग१

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको पाँचौनगर सभा २०७६ बाट पारित भएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ ।

सम्वत् २०७६ सालको कार्यविधि

## भक्तपुर नगरपालिका, खेलकुदप्रशिक्षक सम्बन्धीकार्यविधि २०७६

प्रस्तावना :

भक्तपुर नगरपालिका क्षेत्रभित्रकाविद्यालयहरुमाअध्ययरत विद्यार्थीहरुलाई खेलकुदको माध्यमबाट अनुशासित र स्वस्थ राख्ने, धुम्रपान, मद्यमान र लागू पदार्थ सेवनजस्ताकुलतमा फस्नबाट जोगाउन, विद्यालय स्तरकाविद्यार्थीहरुलाई खेलकुदविकासको लागिप्रारम्भिकतहका रुपमाविकास गर्ने, प्रतिभाको खोजी, पहिचान र संरक्षण गर्दै खेलकुदको माध्यमबाट नागरिक भावनाका साथै देशभक्तिपूर्ण भावनाजगाउनलाई नगरबासीयुवाहरुको अभिन्नअंगबनाउने र भक्तपुर नगरपालिकानगर खेलकुद सम्बन्धीनीति २०७४ को उद्देश्यपूर्तिकालागिभक्तपुर नगरपालिकाको पाँचौ नगरसभाले यो भक्तपुर नगरपालिका खेलकुदप्रशिक्षक सम्बन्धीकार्यविधि २०७६ बनाई लागू गरिएको छ ।

परिच्छेद–१

१. संक्षिप्तनाम र प्रारम्भ :

१.१. यो कार्यविधिको नाम 'भक्तपुर नगरपालिका, खेलकुदप्रशिक्षक सम्बन्धीकार्यविधि २०७६' रहनेछ ।

१.२. यो कार्यविधि तुरन्तप्रारम्भ हुनेछ ।

२. परिभाषा:विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

२.१. ''नीति'' भन्नालेभक्तपुर नगरपालिका, नगर खेलकुद सम्बन्धीको नीति २०७४" लाई सम्झनुपर्छ ।

२.२. ''कार्यविधि'' भन्नाले"भक्तपुर नगरपालिका, खेलकुदप्रशिक्षक सम्बन्धीकार्यविधि २०७६" लाई सम्झनुपर्छ ।

२.३. ''युवातथा खेलकुदविकास समिति'' भन्नाले भक्तपुर नगरपालिकाको कार्यपालिका बैठकबाट गठित युवातथा खेलकुद समितिभन्ने सम्झनु पर्छ ।

२.४. ''टिम, क्लब, संघ, संस्था'' भन्नाले भक्तपुर नगरपालिकामादर्ता भएकाभक्तपुर नगर क्षेत्रभित्रका टिम, क्लव र संघसंस्थाहरुलाई सम्झनु पर्छ ।

२.५. ''खेलाडी'' भन्नाले टिम, क्लव, संघ, संस्थासम्बद्ध खेलाडीलाई सम्झनु पर्छ ।

२.६. ''प्रशिक्षार्थी'' भन्नाले भक्तपुर नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघ, संस्थामा सम्बद्ध सिकारु खेलाडीभन्ने सम्झनु पर्छ ।

२.७. ''प्रशिक्षक'' भन्नाले भक्तपुर नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागीप्रशिक्षक र नगरपालिकामादर्ता भएका टिम, क्लव, संघ, संस्था खेल प्रशिक्षण समितिसम्बद्ध विषयगत खेलकुदप्रशिक्षकलाई सम्झनु पर्छ ।

२.८. ''प्रशिक्षण समिति'' भन्नाले नगर खेलकुद समितिअन्तर्गत भक्तपुर नगरपालिका क्षेत्रभित्रविषयगत खेल प्रशिक्षणका लागि गठित समितिलाई सम्झनु पर्छ ।

२.९. ''खेलाडी विवरण'' भन्नाले टिम, क्लब, संघ, संस्थाहरुले आफ्नो टिम, क्लब, संघ संस्थामा आबद्ध भनी प्रमाणित गरी प्रत्येक महिनानगरपालिकामा पेश गरेको विवरणलाई सम्झनु पर्छ ।

२.१०. ''खेलकुदपदाधिकारी'' भन्नाले खेलकुदसम्बद्ध समिति, उपसमितिकापदाधिकारीलाई सम्झनु पर्छ ।

२.११. ''खेलकुद प्रशिक्षण" भन्नाले नगरपालिकावायुवातथा खेलकुद समितिले तोके बमोजिम प्रशिक्षण केन्द्र वाविद्यालयविद्यालयमादिइने खेलकुद प्रशिक्षण वडा वडामा पठाइने प्रशिक्षणलाई सम्झनुपर्छ ।

## परिच्छेद – २

**३. खेलकुद प्रशिक्षणको उद्देश्यहरु :**

३.१. खेलकुद सम्बन्धी सैद्धान्तिक र व्यवहारिक दुवै किसिमका ज्ञान र सीपप्रदानगर्ने,

३.२. खेलकुदकाआधारभूत सीपहरु विकास गराउने,

३.३. खेलकुदको माध्यमबाट राष्ट्रिय तथाअन्तर्राष्ट्रिय स्तरमाभक्तपुरलाई चिनाउने,

३.४. स्वस्थ्यप्रतिस्पर्धाको भावनाजागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने,

३.५. नगर, जिल्ला, राष्ट्रिय तथाअन्तर्राष्ट्रिय स्तरसम्ममा खेल विकास र प्रतियोगितालाई संख्यात्मकता र गुणात्मक रुपमाअभिवृद्धि गरी विकास गर्ने,

३.६. खेलप्रेमीहरुको भावनाअभिवृद्धि गर्नु, अभिभावकवर्गमा खेल क्षेत्रमा सकारात्मक सोच राख्नतथा खेलकुदप्रशिक्षकहरुमा खेलकुदसम्बन्धी पेशागतदक्षताअभिवृद्धि गर्ने,

३.७. भक्तपुर नगर क्षेत्रभित्रकायुवाविद्यार्थीहरुलाई कुलतबाट टाढा राख्ने,

३.८. देशको सार्वभौमिकता रक्षामादत्तचितबनाउने र छाडा संस्कृति विरुद्ध सचेतना फैलाउने,

३.९. भक्तपुर बाहेक अन्यजिल्लाकाविद्यार्थीहरुलाई शिक्षा, स्वास्थ्य, खेलकुदलगायतभक्तपुरबारे स्पष्ट धारणा राख्न सक्ने बनाउने,

३.१०. 'मित्रता, अनुशासन र जागरुकताकालागि खेलकुद' भन्ने नारालाई साकार पार्दै लैजाने र

३.११. भक्तपुर नगरपालिकाद्वारा तयार गरिएको स्थानीय पाठ्यक्रमलाई टेवा पुऱ्याउने ।

**४. प्रशिक्षकको काम र कर्तव्य :**

४.१.विषयगत खेलकुदप्रशिक्षक केन्द्रको प्रशिक्षण बाहेक तोकिएको विद्यालयमा, टीम, क्लवमागई प्रशिक्षण गर्ने गराउने,

४.२. विद्यालयव्यवस्थापन समिति र प्रधानाध्यापकसंग समन्वय गरी विद्यार्थीहरुलाई खेलकुद प्रशिक्षण गर्ने गराउने,

४.३. स्थानीय पाठ्यक्रम समेतमा खेलसम्बन्धी पाठ्यपुस्तकको पाठ र अन्य खेलको आधारभूत सीपहरु जानकारी दिने,

४.४. प्रशिक्षकले युवातथा खेलकुद समितिसँग समन्वय गरी प्रशिक्षण दिने,

४.५. प्रशिक्षकले आवश्यक खेल मैदान, खेल सामग्री सूचीतयार गरी भक्तपुर नगरपालिका र विद्यालयहरुमामागगर्ने,

४.६. कुनै कारणबस खेल प्रशिक्षण हुननसकेमायुवातथा खेलकुद समिति र विद्यालयमालिखितजानकारी दिनुपर्ने,

४.७. युवातथा खेलकुद समितिअन्तर्गत नगर खेलकुद समितिले प्रशिक्षण, संचालन, रेखदेख निरीक्षण नियन्त्रण र व्यवस्थापनगर्ने,

४.८. प्रशिक्षणको स्तर वृद्धि गर्नको लागिआवश्यकताअनुसार विभिन्न खेलको तालिमदिनवा सहभागीहरुको लागिपहलगर्ने,

४.९. सम्बन्धितविद्यालयले जनप्रतिनिधि, वडा कार्यालयद्वारा गठित वडा खेलकुद समितिसंग समन्वयगर्ने,

४.१०. प्रशिक्षणका प्रशिक्षार्थीहरुलाई आफू र आफ्नो मातहतमा रहेकाविद्यार्थी, खेलाडी आचारसहिता, अनुशासनमा बस्ने र बस्न लगाउने,

४.११. प्रतियोगिताहरुमा सहभागी गराउनु परेमा न.पा. र विद्यालयहरुमाजानकारी गराउने, विना स्वीकृतिप्रतियोगितामाभागलिई हानीनोक्सानी

पुऱ्याएमाविद्यालयव्यवस्थापन समिति र प्रधानाध्यापकसँग समन्वय गरी कार्वाहीको लागि अनुरोध गर्ने ।

**५. सम्बन्धितविद्यालयको काम र कर्तव्य :**

५.१.प्रशिक्षकविद्यालयको निगरानीमा राख्ने र हाजिरी गराउने र हाजिरी रेकर्ड नगरपालिकामाबुझाउने,

५.२. प्रशिक्षकको बारेमाकुनै समस्याआएमानगरपालिकामाजानकारी गराउने,

५.३. विद्यालयले आवश्यक खेलकुद सामग्री र स्थानव्यवस्थागर्ने,

५.४. विद्यालयकाविद्यार्थीहरुलाई प्रतियोगितामा सहभागिता गराउने वातावरण तयार पार्नुपर्ने,

५.५. पाठ्यक्रम, पाठ्यपुस्तकअनुसार समय तालिकाबनाई खेल प्रशिक्षण गराउने वातावरण तयार पार्ने,

५.६. विदाको समय सदुपयोग गरी प्रशिक्षण गराउने वातावरण तयार पार्ने,

५.७. परीक्षाको समयमिलाई प्रशिक्षण बन्दगर्ने र खोल्ने तालिकाबनाई दिने,

५.८. विद्यालयव्यवस्थापन समिति, वार्षिक क्यालेण्डर बनाई अतिरिक्तक्रियाकलाप प्रशिक्षण लगायतअन्यगतिविधिमा समेत सहभागिताजनाई विद्यार्थीहरुलाई सक्षमनागरिक तयार गर्ने,

५.९. प्रशिक्षकहरुमाविद्यार्थीहरुको अन्तर्निहित सिर्जनात्मकप्रतिभा प्रस्फुटन गराउने वातावरण तयार गर्ने ।

आज्ञाले
(दिपककोइराला)
प्रमुखप्रशासकीयअधिकृत

प्रमाणिकरण मिति : २०७६।३।२४गते

---

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८